# लक्ष्मीनियाँ गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
लक्ष्मीनियाँ बजार, धनुषा

मधेश प्रदेश, नेपाल


पत्र संख्या :- २०८३।२०८४

चलानी नं. :-

मिति: २०८३।०५।१०

विषयः जापानीज इन्सेफलाइटिस (JE) रोगको रोकथाम तथा नियन्त्रण सम्बन्धी अत्यन्त जरूरी सूचना

स्वास्थ्य निर्देशनालय, सपही, धनुषाको प.सं. २०८३।८४, च.नं. ४५, मिति २०८३।०५।१० गतेको पत्रानुसार हाल नेपालभर र विशेष गरी मधेश प्रदेशमा जापानीज इन्सेफलाइटिस रोगको प्रकोप बढ्दै गएको र सङ्क्रमणका कारण बिरामी तथा मृत्यु हुनेको संख्या वृद्धि भइरहेकोले यस गाउँपालिका क्षेत्रभित्र यस रोगको जोखिम कम गर्न, रोकथाम तथा नियन्त्रणका लागि यस गाउँपालिकावासीहरूमा निम्न बमोजिम सजगता र पालनाका लागि यो सूचना प्रकाशित गरिएको छः

- **घरपालुवा जनावर तथा पक्षीको व्यवस्थापनः** हंस, कुखुरा, बकुल्ला तथा सुँगुर-बाँगुरहरूलाई टोकेको सङ्क्रमित लामखुट्टेले मानिसलाई टोक्दा यो रोग सर्ने भएकाले यी जनावर तथा पक्षीहरूलाई व्यवस्थित रूपमा खोरभित्र मात्र पाल्ने अनिवार्य व्यवस्था मिलाऔं।
- **ज्येष्ठ नागरिकको विशेष ध्यानः** ५० वर्षभन्दा माथिका व्यक्तिहरूमा यस रोगबाट मृत्यु हुने दर बढी देखिएकाले परिवारका ज्येष्ठ सदस्यहरूको स्वास्थ्यमा विशेष ध्यान दिऔं।
- **लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्था जानेः** ज्वरोसँगै टाउको दुख्ने, बेहोस हुने, झट्का आउने वा मानसिक अवस्थामा परिवर्तन जस्ता गम्भीर लक्षण देखिएमा ढिला नगरी नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गरौं।
- **लामखुट्टेको टोकाइबाट बचौं:**
  - **बिहान र साँझ घरबाहिर निस्कँदा पूरा शरीर ढाक्ने कपडा लगाऔं।**
  - **घरवरिपरि खाल्डो वा भाँडाकुडामा पानी जम्न नदिऔं र वातावरणीय सरसफाइमा ध्यान दिऔं।**
  - **सुत्ने समयमा अनिवार्य रूपमा झुलको प्रयोग गरौं वा लामखुट्टे भगाउने धुप/क्रिमको प्रयोग गरौं।**
- **खोप लगाऔं:** १२ महिना उमेरका बालबालिकाहरूलाई जापानीज इन्सेफलाइटिस विरुद्धको खोप १ मात्रा लगाऔं। यदि १२ महिनाको उमेरमा खोप लगाउन छुट भएका ५ वर्षमुनि उमेरका बालबालिका छन् भने अनिवार्य रूपमा खोप लगाऔं।
- **सचेत बनौं, खोप लगाऔं, लामखुट्टेको टोकाइबाट बचौं, जापानी इन्सेफलाइटिसबाट सुरक्षित रहौं ।**

नोट : थप जानकारीका लागि हेलो स्वास्थ्यको टोल फ्री नम्बर **१११५** मा फोन गरी जानकारी लिन सकिनेछ।

२०८२।०५।१०

.................

मिथिलेश ठाकुर

प्रमुख प्रशासकीय अधिकृत